नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पाँचथर, फिदिम

ईमेलः dpanchthar@gmail.com
वेबसाइटः daopanchthar.moha.gov.np

पत्र सख्या -: २०७७/०७८
चलानी नं.

फोन नं .०२४-५२०२५० /५२००८८
फ्याक्स नं .०२४-५२०१३३


# प्रेस नोट

## (मिति २०७७/०४/०२ गते शुक्रबार)

१. विश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (COVID-19) को संभावित संक्रमणलाई रोकथाम एवं नियन्त्रण गर्नका लागि पाँचथर जिल्ला स्थित सबै सरोकारवाला निकायहरुसँगको सहकार्य र समन्वयमा यस जिल्ला भित्र उच्च सावधानी अपनाई नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भइरहेको कुरा यसै प्रेस नोट मार्फत सम्पूर्ण पाँचथरबासीहरुमा जानकारी गराइन्छ ।

२. यस जिल्लामा कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि आइसोलेशन तथा क्वारेन्टाइनहरुमा देहाय बमोजिम संख्यामा व्यक्तिहरुलाई राखिएको छ ।

देहायः-

| सि नं | क्वारेन्टाईन स्थानको नाम | बेड संख्या | क्वारेन्टाईनमा हाल बसेको संख्या | | | स्वास्थ्य कर्मी तथा एम्बुलेन्सको अवस्था | संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | शिक्षा श्रोत केन्द्र फिदिम नगरपालिका | ४५ | ० | ० | ० | १० वटा एम्बुलेन्स तयारी अवस्थामा | फिदिम नगरपालिका |
| २ | पाँचथर बहुमुखी क्याम्पस | ५० | ० | ० | ० | | |
| ३ | फिदिम मावि फिदिम | २६ | ० | ० | ० | | |
| ४ | सिद्धेश्वरी मावि भारपा | ३४ | ० | ० | ० | ३ वटा एम्बुलेन्स | हिलिहाङ गाउँपालिका |
| ५ | जोरपोखरी मावि | ५० | ० | ० | ० | | |
| ६ | गोपेटार प्राथमिक श्रोत केन्द्र | ८ | ० | ० | ० | | |
| ७ | श्रीजंघा माबि गोपेटार | २८ | ० | ० | ० | | |
| ८ | बिष्णु माबि च्याङथापु | १६ | ० | ० | ० | १ वटा एम्बुलेन्स रहेको | याङवरक गाउँपालिका |
| ९ | गुप्तेश्वर मावि ओयाम | १५ | ० | ० | ० | | |
| १० | जसोदा आवि वडा नं. २ | ११ | ० | ० | ० | | |
| ११ | गणेश मावि गणेशचोक | १५ | ० | ० | ० | | |
| १२ | थर्पु माबि थर्पु | २१ | ० | ० | ० | | |
| १३ | १ नं. वडा कार्यालय तुम्बेवा | ७ | ० | ० | ० | १ वटा एम्बुलेन्स रहेको | तुम्बेवा गाउँपालिका |
| १४ | २ नं. वडा कार्यालय तुम्बेवा | ५ | ० | ० | ० | | |
| १५ | इलाका प्रहरी कार्यालय मौवा | २ | ० | ० | ० | | |
| १६ | इद्राणी प्राविधिक शिक्षालय | ८ | ० | ० | ० | | |
| १७ | ४ नं. वडा धुवा खोला आवि | ५ | ० | ० | ० | | |
| १८ | ४ नं. वडा सुनगावा आवि | ४ | ० | ० | ० | | |
| १९ | ४ नं. वडा वलने मावि | ८ | ० | ० | ० | | |
| २० | पदम जोति आवि | २ | ० | ० | ० | | |
| २१ | ५ नं. स्वास्थ्य चौकी भवन | ५ | ० | ० | ० | | |
| २२ | ३ नं सहकारी भवन | ५ | ० | ० | ० | | |
| २३ | रेडक्रश उपशाखा राँके | २६ | ० | ० | ० | २ वटा एम्बुलेन्स | फाल्गुनन्द गाउँपालिका |
| २४ | घुर्बिसे मावि | १५ | ० | ० | ० | | |
| २५ | नमुना ज्योति आवि | ३० | ० | ० | ० | | |
| २६ | जलसिंह मावि चिम्फुला | ८९ | ० | ० | ० | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पाँचथर, फिदिम
ईमेलः dpanchthar@gmail.com
वेबसाइटः daopanchthar.moha.gov.np

| सि नं | क्वारेन्टाईन स्थानको नाम | बेड संख्या | क्वारेन्टाईनमा हाल बसेको संख्या | | | स्वास्थ्य कर्मी तथा एम्बुलेन्सको अवस्था | संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| २७ | नरेलुङ आवि | १२ | ० | ० | ० | प्रत्येक स्थानको लागि १ वटा निजी पिक अप गाडी तयारी अवस्थामा राखिएको | फालेलुङ गाउँपालिका |
| २८ | विद्या प्रचार मावि वडा नं ३ | १४ | ० | ० | ० | | |
| २९ | सरस्वति माबि खुंगा | ९ | ० | ० | ० | | |
| ३० | पञ्चमुखि माबि पञ्चमुखि | ९ | ० | ० | ० | | |
| ३१ | महिला सहकारी भवन | ८ | ० | ० | ० | | |
| ३२ | स्वास्थ्य चौकी प्राङबुङ | १२ | ० | ० | ० | | |
| ३३ | सहकारी महिला भवन बाँसबोटे | ५ | ० | ० | ० | | |
| ३४ | सिंह सिद्ध माबि अंशु भञ्ज्याङ | ५ | ० | ० | ० | | |
| ३५ | सेमचुङ भवन वर भञ्ज्याङ | ५ | ० | ० | ० | | |
| ३६ | रबि क्याम्पस | ५० | ० | ० | ० | १ वटा एम्बुलेन्स | मिक्लाजुङ गाउँपालिका |
| ३७ | १ वडा स्वास्थ्य चौकी यासोक | ९ | ० | ० | ० | १ वटा एम्बुलेन्स | कुम्मायक गाउँपालिका |
| ३८ | वडा नं.२ शिद्ध सरस्वती मावि | १४ | ० | ० | ० | | |
| ३९ | वडा नं. ३ महिला भवन | ५ | ० | ० | ० | | |
| ४० | वडा नं. ४ सिद्ध मावि | १६ | ० | ० | ० | | |
| ४१ | वडा नं ५ महेन्द्रोदय मावि | ५ | ० | ० | ० | | |
| ४२ | अमृत प्राबि | १४ | ० | ० | ० | | |
| | **जम्मा** | ७२२ | ० | ० | ० | | |

**नोटः-**

क. आईसोलेसन बेड संख्याः ३६ वटा (जिल्ला अस्पताल ६-, पाथिभरा अस्पतालमा १०, समिर्पित अस्पतालमा २०) आइसोलेशनमा राखिएको संख्याः- ० (छैन),

३. हाल सम्म PCR Test गरेको ७७९ जना

४. जिल्लास्थित सबै स्थानिय तहहरुमा रहेका क्वारेन्टाइनहरुमा मिति २०७७/०४/०२ गते सम्म निम्न बमोजिम RDT परिक्षण गरिएको छः- जम्माः- २,२०३ जना।

५. स्वाव परीक्षण गर्दा कोभिड -१९ पोजेटिभ देखिएका ४ जना हाल उपचार पश्चात निको भईसकेको।

६. **आज मिति २०७७।०४।०२ गते क्ववारेन्टिन तथा आईसोलेसनमा कोहि व्यक्ति नरहेको हुँदा यो जिल्ला कोभिड मुक्त जिल्ला भएको।**

२०७७।४।२

नारायण न्यौपाने
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या:-
च.नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस नोट

साउन ४ देखि ८ गतेसम्म देशभरका लगभग सबै ठाउँमा पानी पर्ने सम्भावना देखिएको छ । जल तथा मौसम विज्ञान विभागको अहिलेसम्मको पूर्वानुमान अनुसार त्यस अवधिमा धेरैजसो ठाउँमा हल्कादेखि सामान्य र कतिपय ठाउँमा भारी वर्षा हुनेछ । यसले पहाडी क्षेत्रका केहि स्थानमा पहिरो र तराईका कतिपय ठाउँमा बाढी तथा डुबानको सम्भावना भएकाले प्राधिकरण आम सर्वसाधारणलाई सतर्क रहन अनुरोध गर्दछ।

साथै, विपद् व्यवस्थापनमा संलग्न सुरक्षा निकायहरुलाई उद्दार तथा राहतका लागि तैनाथ गरि राखिएको छ । सरकारी तथा गैरसरकारी निकायहरु, रेडक्रसकर्मीहरु तथा निजी क्षेत्र समेत तयारी अवस्थामा रही तुरुन्त परिचालित हुने व्यवस्था मिलाइएको छ ।

आपत्कालीन सेवाका लागि यस प्राधिकरणको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) को ११४९ र बाढी र पहिरोको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको ११५५ नम्बरमा २४ सैं घण्टा सम्पर्क गर्न सकिनेबारे आम सर्वसाधारणलाई जानकारी गराउँदछौं ।

मौसम प्रणालीको अहिलेसम्मको विश्लेषण गर्दा प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश, गण्डकी प्रदेश तथा प्रदेश नं. ५ का केहि स्थानमा भारी वर्षा हुने देखिएको छ । कर्णाली प्रदेश तथा सुदुर पश्चिम प्रदेशका थोरै स्थानमा भारी वर्षा हुने, धेरै जसो स्थानमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ । देशका एक दुई स्थानमा अति भारी वर्षा हुने पूर्वानुमान गरिएको छ । पाँच दिनसम्म पर्ने यो पानीले देशभरका साना ठूला नदीहरुको जलसतह उल्लेख्य बढ्ने सम्भावना छ । केहि नदीले सतर्कता तह समेत पार गर्ने सम्भावना छ ।

प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग र जलश्रोत तथा सिँचाई विभागले संयुक्त रुपमा मनसुनको सम्भावित असरहरु अनुमान गर्ने कार्य गर्दै आईरहेको व्यहोरा अवगत गराउन चाहन्छौं ।

यो पाँच दिन पहाडी भू-भागका स-साना नदी नालामा समेत आकस्मिक बहाव बढ्ने सम्भावना भएकोले बाढी र पहिरोको कारण धेरै घरपरिवार विस्थापित हुन सक्ने र जनधनको क्षति हुन सक्ने अनुमान छ । अतः नदी किनारा एवम् पहिरोको आसपासमा बसोबास गर्ने व्यक्तिले उच्च सतर्कता अपनाउनु हुन अनुरोध गरिन्छ ।

मनसुन सुरु भए यता हालसम्म परेको प्रसस्त पानीले पहाड र चुरे क्षेत्रका अधिकांश भू-भाग गलिसकेको छ । अब पाँच दिनसम्म पर्ने यो पानीले पहिरोको सम्भावना बढ्ने देखिन्छ । त्यसैले पहाडी क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण सर्वसाधारणलाई उच्च सतर्क अवस्थामा रहन र जोखिम आँकलन गरी सुरक्षित स्थानमा सर्न समेत अनुरोध गरिन्छ ।

पहाडदेखि चुरेसम्म परेको पानी एकीकृत भएर तराईमै पुग्ने हो । चुरेको तराई भू-भागमा परेको पानीसँगै माथि पहाडबाट आएको पानीको बहावले तराईमा बाढी र सीमावर्ती गाउँवस्तीमा डुबानको सम्भावना हुन्छ । त्यसैले अहिले नै पूर्वतयारीमा चनाखो हुन सर्वसाधारणलाई अनुरोध छ ।

विपद बारे चासो राखौं, चनाखो बनौं, सुरक्षित रहौं ।

मितिः २०७७/०४/०२

(जनार्दन गौतम)
प्रवक्ता

फोनः ०१-४२००२६०; फ्याक्सः ०१-४२००१०३; टोल फ्रिः ११४९; इमेलः ndrrma@ndrrma.gov.np; ndrrma@gmail.com; URL: www.ndrrma.gov.np